लेखापरीक्षण प्रतिवेदन

रुरुक्षेत्र गाउँपालिका, गुल्मी

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

रुरुक्षेत्र गाउँपालिका, गुल्मी

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/636

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
रुरुक्षेत्र गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
गुल्मी।

कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण,स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन,बजेट तुलनात्मक विवरण,स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली

(सूत्र) प्रयोगमा रहेको छ।पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म. ले. प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.११ करोड ७० लाख ५९ हजार ,एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ४ करोड ९२ लाख ३२ हजार र अन्य रु. ८४ लाख ८७ हजार समेत गरी रु. १७ करोड ४७ लाख ७८ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु. १ अर्व ७ करोड २३ लाख २६ हजारको लेखापरीक्षण गरिएकोमा रू. २ करोड २२ लाख ४८ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.१ करोड ४७ लाख ३१ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु. ७५ लाख १७ हजार मध्ये असुल गर्नुपर्ने रू. ४ लाख ३० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १६ लाख ३४ हजार, नियमित गर्नुपर्ने रु. ५४ लाख ५३ हजार रहेको छ। गत वर्षसम्म रु. ९ करोड ५० लाख २७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १० करोड २५ लाख ४४ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ ।

त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी रुरुक्षेत्र गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण एम.सी.)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
४२	१९	२,२२,४८,१४०	२	१५	१,४७,३०,८३१	०	४०	४	७५,१७,३०९	४,२९,९३१	५४,५३,०८५	१६,३४,२९३	०	०	७०,८७,३७८	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
गुल्मी	९,५०,२७,०००	०	०	९,५०,२७,०००	०	७५,१७,३०९	१०,२५,४४,३०९

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	४८	सडक मर्मत	२,०६,८८७
२	२०८०/८१	१८	व्यक्तिको नाममा भुक्तानी	०.०
३	२०८०/८१	४६	बीमा	०.०
४	२०८०/८१	१९	बढी ग्रेड भुक्तानी	१०,४२२

५	२०८०/८१	४२	पेश्की रकम असूल गर्नुपर्ने	८,७२,१२६
६	२०८०/८१	४५	पेश्की कट्टा नगरेको	३१,६५,७२८
७	२०८०/८१	४४	पुरस्कार रकम बढी भुक्तानी	७,४५,८६१
८	२०८०/८१	४१	दोहोरो खर्च	२१,७५,६७४
९	२०८०/८१	२३	दिवा खाजा	३८,१४०
१०	२०८०/८१	३८	खानेपानी पाइप खरिद	३,६७,२२९
११	२०८०/८१	४७.२	कोल्ड स्टोर निर्माण	१७,२८,१३१
१२	२०८०/८१	३२	कर्मचारी व्यवस्था	५०,१४,८२४
१३	२०८०/८१	२२	करार कर्मचारीहरुलाई स्थानीय भत्ता	३,८६,००
१४	२०८०/८१	३५.१	आन्तरिक आय	३६७२०८.५
जम्मा				१,४७,३०,८३०.५०

लेखापरीक्षण बक्यौताको विवरण

कार्यालय कोड	कार्यालयको नाम
विगतको लेखापरीक्षण बक्यौता नरहेको।	

(८०५५२५०९३०० - रुरुक्षेत्र गाउँपालिका, गुल्मी)

परिचय

२ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस रुरु क्षेत्र गाउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउपालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ६ वडा, ६७.३७ वर्ग किलोमिटर क्षेत्रफल तथा २३,१५५ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस पालिकाको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।०७ देखि २०८१।०५।११ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय – व्ययतर्फ रु. १ अर्व ७ करोड २३ लाख २६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा कवाडी मालसामान विक्रिको राजश्व रु. १,५२,००० मिति २०८१।५।९ र बढी स्थानीय भत्ता रु ७,६९२ मिति २०८१।५।३१ मा जम्मा रु १,५९,६९२ असुल भइ दाखिला भएको प्रमाण पेश भएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

क्र.स./आर्थिक सङ्केत	विवरण	चालु आ.व. को कारोबार	गत आ. व. को कारोबार
११०००	कर	६,९८,१७,४६२.६१	७,५३,७३,०८०.२०
१३०००	अनुदान	३७,२९,९४,४५९.२०	३९,७३,४४,४०४.७६
१४०००	अन्य राजस्व	२,१८,६४,१५०.८४	१,९३,४१,९२३.९३
१५०००	विविध प्राप्ति	५,८९,२९०.००	०
क	**कुल जम्मा प्राप्ति**	४६,५२,६५,३६२.६५	४९,२०,५९,४०८.८९
३	चालु	३३,७१,७६,०९६.८५	३२,८२,१५,०७१.७३
२१०००	पारिश्रमिक / सुविधा	१९,००,२०,६८०.५६	२२,७०,९१,७३८.९६
२२०००	मालसामान तथा सेवाको उपयोग	१०,०५,३६,१६७.२९	९,५२,५४,१५१.७७
२५०००	सहायता (Subsidy)	२,७२,८५,९६२.००	३,१३,७८४.००
२६०००	अनुदान	२२,९९,२७१.००	०
२७०००	सामाजिक सुरक्षा	९०,०४,४११.००	४१,६६,४८७.००
२८०००	अन्य खर्च	८०,२९,६०५.००	१३,८८,९१०.००
४	पूंजीगत	१८,६१,७९,९६६.९०	१६,२३,३७,९२६.००
३१११०	भवन तथा संरचना	२,१६,४१,५६८.००	५६,३४,६०३.००
३११२०	सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	७२,५६,०९१.९०	८९,२६,७५८.००
३११३०	अन्य पूँजीगत खर्च	५१,१४,९१८.००	५२,४०,३९४.००
३११४०	सुरक्षा उपकरण	३,४२,५०३.००	०
३११५०	सार्वजनिक निर्माण	१३,८६,८५,०३७.००	१३,३८,४६,१९६.००
३११६०	निर्मित सरचनाको सुधार खर्च	१,३१,३९,८४९.००	८६,८९,९७५.००
ख)	**कुल जम्मा भुक्तानी**	५२,३३,५६,०६३.७५	४९,०५,५२,९९७.७३
ग)	**बचत /कमी (ग = क-ख)**	(५,८०,९०,७०१.१०)	१५,०६,४११.१६
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**	१२,१९,३७३.७२	१,२३,४१,९७३.००
घ.१)	**कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी**		-४१,१४९.००
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**	(५,६८,७१,३२७.३८)	१,३८,४८,३८४.१६
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**	१२,६२,९७,१०९.०८	११,२४,४८,७२४.९२
ज)	**आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च)**	६,९४,२५,७८१.७०	१२,६२,९७,१०९

३ **वित्तीय विवरणको यथार्थता-**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्दछ।तर पालिकाले सामाजिक

सुरक्षा तथा संरक्षणको रु. ११,७०,५९,४०० र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ४,९२,३२,००० र अन्य ८४,८७,५३० समेत गरी रु १७,४७,७८,९३० एकीकृत वार्षिक प्रतिवेदनमा समावेश गरेको छैन।तसर्थ पालिकामा हुने सबै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

४ **आन्तरिक नियन्त्रण प्रणाली-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

· पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

· पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

· निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

· ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

· पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

· पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

· पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

· संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण,शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाई सेवा प्रवाह सुदृढ बनाउनु पर्दछ।

५ **विपद व्यवस्थापन-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(२) नं मा विपद व्यवस्थापन अन्तर्गत स्थानीय स्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना ,पूर्व सूचना ,खोज तथा उद्धार, राहत सामाग्रीको पूर्व भण्डारण,वितरण र समन्वय,विपद जोखिम क्षेत्रको नक्शाङ्कन तथा वस्तीहरुको पहिचान र स्थानान्तरण जस्ता विषय समेटि कानून तर्जुमा गरी कार्यान्वयन गर्ने काम ,कर्तव्य रहने उल्लेख गरेको छ। गाउँपालिकाले सो सम्बन्धि कार्यविधी तथा जोखिम क्षेत्रको नक्शाङ्कन तथा पहिचान जस्ता कार्य गरेको देखिएन ।कानूनले उल्लेख गरे वमोजिम विपद् सम्वन्धी प्रति कार्य योजना ,जोखिम वस्तीहरुको पहिचान गरी समयमा नै व्यवस्थापन तर्फ ध्यान दिनुपर्दछ।

६ **वितरणमुखी कार्यक्रम-**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा २४(३) मा गाउँपालिकाले योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने जस्ता योजना छनौट गर्नुपर्ने व्यवस्था गरेको छ। योजना छनौट गर्दा वितरणमुखी नभै उत्पादनमूलक योजना छनौटमा ध्यान दिनुपर्दछ।पालिकाले ५० हजार देखि २ लाख सम्मका १६२ योजना संचालन गरेको देखिन्छ। पालिकाले वितरणमुखी कार्यक्रम नभै उत्पादनमूलक तथा रोजगारीमूलक कार्यक्रम।योजना छनौटमा जोड दिनुपर्दछ।

७ **आन्तरिक लेखापरीक्षण-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने, आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण अगावै सम्परीक्षण गराउनुपर्ने भन्ने व्यवस्था रहेको छ। गाउँपालिकाले यस वर्षको आय र व्ययको आन्तरिक लेखापरीक्षण गरेको छैन। ऐनमा रहेको व्यवस्था वमोजिम आन्तरिक लेखापरीक्षण गरी श्रेस्ता अद्यावधिक गर्नुपर्दछ।

८ **अवकास कोष-**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण,औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ। गाउँसभाको बजेटमा कल्याणकारी कोषको लागि रु.१०,००,०००।- को व्यवस्था गरी सो रकम विविध कोषमा आम्दानी गरेको छ। कानूनले गरेको व्यवस्था वमोजिम भविष्यमा आइपर्ने दायित्वको लागि कार्यविधि साथ अवकास कोष स्थापना गर्नुपर्दछ।

९ **कन्टेन्जेन्सी खर्चको अभिलेख नभएको-**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानमा कन्टिन्जेन्सी खर्च समावेश गर्न सकिने र नेपाल सरकार अर्थमन्त्रालयको मिति २०७०।१।१५ को निर्णयानुसार खर्च गर्दा पूजीगत प्रकृतिको वर्कचार्ज, स्टाफ खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ। पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कट्टा गरेको देखिएता पनि सोको आयोजनागत अभिलेख तयार गरी राख्नुपर्नेमा सो राखको छैन। कन्टिन्जेन्सीको रकम सम्बन्धित योजनासंग मिल्ने गरी खर्च गर्नुपर्दछ।

१० **नीति तथा कार्यक्रम-**

आर्थिक वर्ष २०८०।८१ को लागि गाउँ सभामा पेश भएको नीति तथा कार्यक्रममा भू-उपयोग नीति लागू गरी कृषि योग्य जमिनको संरक्षण तथा व्यवसायिक कृषि गर्न प्रोत्साहन गरिने तथा रुरुक्षेत्र भित्र रहेका कृषकहरुको सूची तयार गरी वर्गीकरण गरिने छ भन्ने विषय उल्लेख गरेकोमा पालिकाले भू-उपयोग नीति लागू गरेको तथा कृषकहरुको सूची तयार गरी वर्गीकरण समेत गरेको छैन। पालिकाले नीति तथा कार्यक्रममा उल्लेख गरेको क्रमश:लागू गर्दै जानुपर्दछ।

११ **सेवा प्रवाहको स्थिति-**

स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ३ मा पालिकाले तथा वडा कार्यालयको काम,कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार देहायको सेवा प्रवाह गरेको पाइयो।

विवरण	निवेदन दर्ता
जन्मदर्ता	५०९
मृत्युदर्ता	२०८
बसाईसराई दर्ता	१०८
विवाह दर्ता	२०८
सम्बन्ध विच्छेद दर्ता	१२

१२ **डिपिआर नगरेको योजना कार्यान्वयन-**

प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि ,२०७८ को बुँदा नं ७(३)मा स्थानीय तहले प्रदेश सरकारको रकमबाट संचालन हुने योजनाहरुको ड्रइङ,डिजाइन,स्पेशिफिकेशन सहितको विस्तृत आयोजना प्रतिवेदन (DPR) भएका आयोजना मात्र माग गर्न सक्ने व्यवस्था छ। गाउँपालिकाले यो वर्ष DPR नभएका देहाय वमोजिमका योजना संचालन गरेको छ।कार्यविधिले व्यवस्था गरे वमोजिम DPR भएका योजनाहरुमा मात्र बजेट माग गरी कार्यान्वयन गर्नुपर्दछ।

क्र.सं	योजनाको नाम	खर्च रकम रु
१	चौतारा नेटा लोक्मा सडक स्तरोन्नति	२,३५,५६,८९३
२	रानीबास टाहाटीम उल्लीखोला सडक कालोपत्रे	२,६०,३४,४१३

१३ जिन्सी व्यवस्थापन-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९५ मा सम्पत्ति तथा जिन्सी मालसामानको लगत तयार गर्ने र लगत बमोजिमको सम्पत्ति तथा जिन्सी कार्यालय प्रमुखको रेखदेखमा भण्डार शाखा प्रमुखले जिम्मा लिनु पर्ने व्यवस्था छ। गाउँपालिकाको विवरण वमोजिम विद्यमान अवस्थामा भएका मालसामानको लगत कार्यालयले तयार गरेको तथा कार्यालयमा प्राप्त भएको तथा खरिद भएका खर्च भएर नजाने मालसामानको जिन्सी सहायक खातामा वुझाउने गरेको छैन। कार्यालयको पाम्स प्रणालीमा अभिलेख भएका सामान के सामान कुन कर्मचारीले बुझेको हो सो को अभिलेख स्पष्ट हुने गरी प्रमाणित सहायक खाता राख्नुपर्दछ।

१४ बजेट पेश, पारित र अख्तियारी -

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।३।१० मा रु. ५३ करोड ५४ लाखको बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०८०।३।१३ पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।२८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१५ योजना तथा वजेट कार्यान्वयन -

योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

· अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

· आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु.१८ करोड ६१ लाख भएकोमा प्रथम त्रैमासिकमा रु. ३२,२२,८२४ , दोश्रो त्रैमासिकमा रु.२,४५,४७६०१, तेस्रो त्रैमासिकमा रु.२६९,२५,४१९ , चौथो त्रैमासिकमा रु.१३,५२,६७,६१५ र असार महिनामा मात्रै रु.५ करोड ११ लाख भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ ।

· सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.१८ करोड ६१ लाखको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

·

तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१६ योजनाको प्राथमिकीरण -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल २४३ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाख भन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	२४३	१०	३८	१९५

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१७ **क्षेत्रगत बजेट र खर्चको स्थिति-**

स्थानीय तहको एकिकृत,समानुपातिक र दीगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः-

(रु हजारमा)

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	३८३९५	३३९९०	७.४८
२	पूर्वाधार विकास	१७४६७३	१५०७५०	३३.२०
३	सामाजिक विकास	२३६३४९	२१५९९४	४७.५७
४	सुशासन तथा अन्तर सम्बन्धित	४५८४	४०४६	०.८८
जम्मा		४५४००१	४०४७८०	

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४७.५७ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ०.८८ प्रतिशत रहेको छ ।

१८ **व्यक्तिको नाममा भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

१९ **बढी ग्रेड भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **१०,४२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२० **करार कर्मचारीहरूलाई महङ्गी भत्ता**

सामान्य प्रशासन मन्त्रालयको मिति २०७४/०१/२५ चलानी नं २१७ मा जारी गरेको परिपत्रमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/०१/२१ को निर्णयानुसार सबै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दी भित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष २०७४/०७५ बाट लागु हुने गरी कम्तिमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता मात्र पाउने व्यवस्था गरी करार सम्झौता गर्नहुन निर्देशन गरेको छ । पालिकाले कार्यपालिकाको निर्णय गरी स्वास्थ्य करार तर्फका देहाय बमोजिम २६ जना कर्मचारीलाई महङ्गी

भत्ता बापत यस वर्ष रु. ४२९९३१/- खर्च लेखेको छ । यसरी परिपत्र विपरित कार्यपालिकाद्वारा निर्णय गरी खर्च गर्दा पालिकालाई थप व्ययभार पर्न गएको रकम असुली हुनुपर्ने रू.

क्र.सं.	कर्मचारीको नाम	रकम
१	ज्योतिकार्की श्रेष्ठ	२४०००
२	कल्पनापुन थापा	२४०००
३	तिलाकुमारीगुरुङ्ग	२४०००
४	बन्दनापौडेल	१५०००
५	मनिषाविश्वकर्मा	१६०००
६	ववितावि.क.	१६०००
७	सम्झनान्यौपाने पन्थ	१५१३३
८	सोनिया रेगामी	१४०००
९	हुमकली रजाली गाहा	१८०००
१०	बालकृष्ण चौधरी	२४०००
११	जगदिश विष्ट	२४०००
१२	इश्वर प्रसाद पन्थी	१६०००
१३	रक्षा पन्त	२४०००
१४	विद्या ज्ञवाली	८०००
१५	सुस्मिता सुर्यवंशी	१७०००
१६	रवि माली	२२०००
१७	अमृत ज्ञवाली	२४०००
१८	सचेन्द्र कुमार पटेल	४०००
१९	निर्मला पचभैया	१६०००
२०	बाबुराम वि.क.	४०००
२१	सिर्जना अधिकारी	१५१३३
२२	सन्तोष कुमार यादव	१३१३३
२३	रोमनाथ पन्थ	२३१३३
२४	विपना घर्ती	२३१३३
२५	रक्षा भण्डारी	३१३३
२६	सुशिला ज्ञवाली	३१३३
	जम्मा	४२९९३१

असुल गर्नुपर्ने	४,२९,९३१

२१ **शैक्षिक गुणस्तर अभिवृद्धि, नियमन एवं पूर्वाधार व्यवस्थापन**

(क) सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर : कार्यक्रम कार्यान्वयन पुस्तिकामा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

(ख) निजि विद्यालय व्यवस्थापन : राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

(ग) बिद्यालयहरुको लेखापरीक्षण : कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यबस्था छ । पालिका अन्तर्गत ४० सामुदायिक विद्यालयहरु रहेकोमा आ.व. २०८०।८१ को अन्तिम लेखापरीक्षण अवधिसम्म सबै विद्यालयहरूको लेखापरीक्षण नगराएको बिबरण प्राप्त भएको छ । अतः कार्यालयबाट अनुदान जाने सम्पूर्ण बिद्यालयहरुको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी पालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ ।

(घ) अनुगमन : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वौकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धि निश्चित मापदण्ड निर्धारण गरी सोहि अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन। यस सम्बन्धमा शिक्षा शाखा संग छलफल गर्दा जनशक्तिको अभावमा सबै विद्यालयहरुको समानुपातिक ढंगले अनुगमन गर्न नसकेता पनि समिति बनाई आलोपालो रुपमा अनुगमन तथा सुपरिवेक्षणको प्रयास भईरहेको जनाएको छ । पालिकाले अनुगमन सम्बन्धि निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नु पर्दछ ।

२२ **करार कर्मचारीहरूलाई स्थानीय भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **३८,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२३ **दिवा खाजा**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **३८,१४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२४ **सेनेटरी प्याड व्यवस्थापन**

पालिकाले यस वर्ष सामुदायिक विद्यालयका छात्राहरुलाई नि:शुल्क सेनेटरी प्याड व्यवस्थापन अन्तर्गत देहायबमोजिम खर्च गरेकोमा देखिएका व्यहोरा निम्न छन् ।

मिति।भौ नं	आपूर्तिकर्ता	परिमाण	खर्च रु (मु.अ.कर. सहित)
१७७।२०८१।०२।३२	एन्जल टच हाइजिन म्यानुफ्याचरिङ्ग प्रा.लि	२८९२८ प्याकेट रु ३७.८१ का दरले	९१२९४८

(क) सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६को दफा ५(४) बमोजिम स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याड उत्पादन तथा प्रयोग गर्ने मिति, स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षहरुमा ध्यान दिई त्रैमासिक, चौमासिक वा अर्धबार्षिक रुपमा वितरण गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले २०८१ जेष्ठमा खरिद गरी एकैपटक विद्यालयलाई वितरण गरेको देखिन्छ । पालिकाले कार्यविधि बमोजिम त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्ने व्यवस्था मिलाउनुपर्छ ।

(ख)दफा दफा ६(५) बमोजिम विद्यालयले छात्राहरुलाई उपलब्ध गराएको स्यानीटरी प्याडको अभिलेख तथा बुझिलिएको भरपाई राख्नुपर्ने व्यवस्था रहेकोमा विद्यालहरुले छात्राहरुलाई वितरण गरेको अभिलेख तथा भरपाई राखेको पाईएन । साथै पालिकाले खरिद गरेको २८९२८ थान मध्ये २८८० थान पालिकामै मौज्दात रहेको विवरण पेश भएकोछ ।

२५ **छात्रवृत्ति**

कार्यक्रम कार्यान्वियन पुस्तिकामा IEMIS मा प्रवष्टि तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ र वितरण पश्चात छात्रवृत्ति बुझाएको भरपाई पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा ४० वटा विद्यलायलाई रु. ६५०६०० निकासा गरेको छ । IEMIS मा प्रवष्टि भएको संख्यालाई सत्यापन गराई अनुदान निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ ।

२६ **अनुदानको उपयोग**

पालिकाले यस वर्ष विद्यालयहरुलाई निम्नानुसारको शीर्षकमा अनुदान उपलब्ध गराएकोमा निम्न व्यहोरा देखिएका छन् ।

गो.भौ.नं./मिति	कार्यक्रम	विद्यालयकोनाम	रकम
१४७-२०८१।०२।१७	विज्ञानप्रयोगशाला	ग्वादीमा.वि.	६५००००
१४८-२०८१।०२।२७	पुस्तकालय	जनज्योती मा.वि.	६५००००
१३४-२०८१।०१।२१	प्राविधिकतथा व्यवसायिक धार	जनबोधमा.वि.	११४००००
१३४-२०८१।०१।२१	प्राविधिकतथा व्यवसायिक धार	जनज्योतीमा.वि.	९१५०००
	जम्मा		३३५५०००

(क) विद्यालय छनौट : कार्यक्रम कार्यान्वियन पुस्तिकामा अनुदान दिदा विद्यालयको विद्यार्थी संख्या, जेष्ठता, इन्टरनेटको पहुँच, विधुतको नियमित आपूर्ति, पुस्तकालय व्यवस्थापनका लागि कक्षाकोठा लगायतका विषयरुका आधारमा प्राथमिकता तय गरी विधालयहरुको छनौट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कार्यक्रमको प्रभावकारिताको मूल्यांकन नगरि विधालयलाई शिक्षण

सिकाइमा आइ. सि.टी को प्रयोग, पुस्तकालय, तथा विज्ञान प्रयोगशालाका लागि अनुदान उपलब्ध गराएको छ । अतः पालिकावाट अनुदान उपलब्ध गराउदा तोकिएका पूर्वाधार तथा मापदण्ड बमोजिम प्राथमिकता तय गरी विधालय छनौट गरि कार्यक्रमको प्रभावकारिता मूल्यांकन गरेर मात्र अनुदान उपलब्ध गराउनुपर्दछ ।

(ख) अनुगमन नभएको : शिक्षा तथा मानव स्रोत विकास केन्द्रको चं.नं ३१५, मिति २०७९।९।२९ गतेको पत्र बमोजिम विद्यालयमा सूचना प्रविधि प्रयोगशाला तथा पुस्तकालय स्थापनाका लागि अनुदान कार्यक्रम अन्तर्गत ICT LAB को कार्यक्रम प्राप्त गर्ने विद्यालयहरुले ICT Lab/ LMS Software को स्पेसिफीकेसन बमोजिम खरिद प्रक्रिया अपनाउनुपर्ने व्यवस्था छ । अनुदान प्राप्त गर्ने विद्यालयले स्फेसिपिकेसन अनुसार खरिद प्रक्रिया अबलम्बन गरे/नगरेको सम्बन्धमा पालिका वाट अनुगमन तथा मूल्यांकन भएको पाईदैन । पालिकावाट समय समयमा अनुगमन मूल्यांकन गरी कार्यक्रमको प्रभावकारी कार्यान्विनमा जोड दिनु पर्दछ ।

(ग) प्रतिवेदन पेश नभएको : विद्यालयले स्वीकृत प्रस्ताव अनुसारका क्रियाकलाप सञ्चालन गरी सोको अद्यावधिक प्रगति प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा नियमित रुपमा पठाउने गरेको पाईएन । सम्बन्धित विधालयवाट कार्यक्रम सञ्चालन गरी नियमित रुपमा प्रतिवेदन पेश गर्नुपर्दछ ।

२७ **सामाजिक सुरक्षातर्फ**

सामाजिक सुरक्षा सञ्चचालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार गरिनु पर्दछ । पालिकाले सामाजिक सुरक्षा अन्तर्गत यस वर्ष रु. ११४८१६७६३ खर्च गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् । पालिकाले लक्षित समूह अनुसार गत आ.व. र यस आ.व. मा सामाजिक सुरक्षा भत्ता वितरण गरेका लाभग्राहीहरुको तुलनात्मक विवरण यस प्रकार रहेको देखिन्छ:

लक्षित समूह	आ.व.२०७९।८० को ४ त्रैमासिकको औसत संख्या	आ.व.२०८०।८१ को ४ त्रैमासिकको औसत संख्या
जम्मा	३०६०	३०७९

लाभग्राहीको अभिलेखः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन । साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी फोटो सहितको पुरा विवरण अभिलेख राखी अद्यावधिक राख्नुपर्दछ ।

बैंकसँगको हिसाबमिलानः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै बुँदा नं १८ मा स्थानीय तहले भत्ता वापत निकासा प्राप्त भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै वितरण कार्य सम्पन्न गरी आर्थिक कारोवार बन्द गर्नुपर्ने र आर्थिक कारोवार बन्द गरेपछि प्रचलित कानुन बमोजिम निकासा र खर्चको लेखा अद्यावधिक बैंकसँगको हिसाब मिलान गरी बाँकी रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने उल्लेख छ । पालिकाले यस आ.व.मा सामाजिक सुरक्षा भत्ता वितरणको लागि रु. ११४८२८९१२ निकासा दिएकोमा रु. १२१४९ निकासा फिर्ता गरी रु. ११४८१६७६३ सामाजिक सुरक्षा भत्ता खर्च लेखेको छ । यस आ. व. मा सामाजिक सुरक्षा भत्ता वितरणको लागि बैंकहरुलाई दिएको निकासा र वितरणको अवस्था निम्नानुसार छ ।

त्रैमासिक	निकासा रकम	Reverse Feed अनुसार खर्च रकम	बाँकी रकम
प्रथम	२८४१७५०३	२८४१५१४९	२३५४
दोस्रो	२८५८४६६०	२८५७५६३९	९०२१
तेस्रो	२८८७५७६९	२८८७५७६९	०
चौंथो	२८९५०९८०	२८९५०२०६	७७४
जम्मा	११४८२८९१२	११४८१६७६३	१२१४९

फरक विवरण : पालिकाले CGAS मार्फत उपलब्ध गराएको सामाजिक सुरक्षाको निकासा तथा खर्च रु. ११४७६६१८६.०० देखिएकोमा VRSP-MIS System मार्फत उपलब्ध गराएको विवरण अनुसार जम्मा निकासा रु. 1१४८२८९१२, लाभग्राहीलाई वितरण गरेको रु. ११४८१६७६३ र फिर्ता रु. १२१४९ देखिन्छ । सामाजिक सुरक्षा भत्ता वितरणमा CGAS र VRSP-MIS System बीच फरक पर्नुको कारण एकिन गरी पालिकाले दुवै सफ्टवेयरबीचको एकरुपता हने गरी आर्थिक विवरण चित्रण गर्नुपर्दछ ।

२८ **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३० वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२९ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा ३३ योजना सञ्चालन गरी यस वर्ष ७६ जनालाई औसत ९८ दिनले ७४२८ दिन रोजगारी उपलव्ध गराई रु.१५,२५,१०३.१२ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३० **कर्मचारी प्रोत्साहन-**

४६६,२०८१।३।२४ स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन ,संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। पालिकाले कार्यसम्पादनमा आधारित प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धी कार्यवधि,२०७९ तर्जुमा गरी मिति २०७९।९।१२ मा कार्यपालिकाबाट स्वीकृत गराएको छ। ऐनमा भएको व्यवस्था बमोजिम पालिकाले कानुन तर्जुमा गरेको छैन। कानून तर्जुमा भै स्वीकृत भएको तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन सुविधाको लागि कार्यसम्पादनको सूचक समेत नबनाई वर्ष भरिनै ४९ जना कर्मचारीलाई ८ प्रतिशत देखि ३० प्रतिशत सम्म प्रोत्साहन खर्च रु २२,७२,०८५। उपलब्ध गराएको छ।पालिकाको आन्तरिक आय न्यून भएकोमा प्रोत्साहन भत्ता खर्च लेख्नु नियमसम्मत नदेखिएको रु

अनियमित भएको	२२,७२,०८५

३१ **आर्थिक सहायता -**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न १०३ संघसंस्था र व्यक्तिहरुलाई रु. १८ लाख ७० हजार आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

३२ **कर्मचारी व्यवस्था-**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२६** को निर्णयले रू **५,०१४,८२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

३३ **तलवी प्रतिवेदन-**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका कर्मचारीहरुको रु. ३,८२,९९,९९९.४६, र पालिकाका चालुतर्फका कर्मचारीहरुको रु.१,२२,०९,८९४.६२ गरी रु. ५,०५,०९,८९४ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३४ **पदाधिकारी सुविधा-**

लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७६ को दफा ३ मा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सुविधा तथा भत्ता पाउने व्यवस्था छ।तर पालिकाले पदाधिकारीको बार्षिक पारिश्रमिक सुविधामा रु ६८,१३,०००।- खर्च गरेको छ।जुन पालिकाको यो वर्षको आन्तरिक आयको तुलनामा ३६.१६ प्रतिशत रहेको छ।उक्त कानूनले आन्तरिक स्रोत समेतको आधारमा सुविधा पाउने व्यवस्था गरेतापनि पालिकाले राजश्व बाँडफाँडबाट मात्र खर्च व्यहोरेको छ।पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको सीमाभित्र राख्नुपर्दछ ।

३५ **आन्तरिक आय-**

३५.१ (✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **८६,१०३.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३५.२ **आय ठेक्का-** गाउँपालिकाले तयार गरेको IEE प्रतिवेदन अनुसार वगाउने खोला वगर क्षेत्र वडा नं ५, रुद्रवेणी वगर क्षेत्र वडा नं २, पोखरे वगर क्षेत्र वडा नं २ र रिडी वगर क्षेत्र वडा नं १ मा गरी ठेक्का व्यवस्थापन तथा अमानतमा गरी रु ६९,१६,५३८। राजश्व प्राप्त भएको छ। रुद्रवेणी वगर क्षेत्र वडा नं २ र पोखरे वगर क्षेत्र वडा नं २ मा ढुङ्गा ,गिटी वालुवाको वोलपत्र आह्वान गरिएकोमा २ पटक सम्म वोलपत्र नपरेको कारण गाउँपालिकाले IEE प्रतिवेदनमा उल्लेख गरिएको भन्दा कम परिमाण तोकी ठेक्का व्यवस्थापन गरेको छ। वगाउने खोला वगर क्षेत्र, वडा नं ५ र रिडी वगर क्षेत्र, वडा नं १ मा समेत IEE प्रतिवेदनमा उल्लेख गरिए भन्दा कम परिमाण उल्लेख गरी अमानतबाट ढुङ्गा ,गिटी बालुवा संकलन गरेको छ।

३५.३ **सम्झौताको कार्यान्वयन-** ढुङ्गा ,गिटी, बालुवा उत्खनन्,संकलन तथा बिक्रीको सम्झौता पत्र -२०८० वमोजिम पोखरे वगर क्षेत्र वडा नं २ को आय ठेक्का रु २४,९१,५२०। (मू.अ.कर समेत) व्यवसायी अनिस अनिसा फर्निचर तथा भेनियर उद्योग संग र रुद्रवेणी वगर क्षेत्र ,वडा नं २ को आय ठेक्का रुद्रवेणी कन्स्ट्रक्सन एण्ड सप्लायर्स संग रु १७,८७,३४६।(मू.अ.कर समेत) मा भएको छ। दुवै ठेक्कामा गाउँपालिकाको छाप लगाएको रसिद प्रयोग गरेको, रसिद नियन्त्रण प्रणाली अपनाएको,संकलन गरेको ढुङ्गा,गिटी, बालुवा घाट गद्दी गरे,नगरेको र तोकिएको परिमाण भन्दा बढी उत्खनन् गरे नगरेको सम्बन्धमा गाउँपालिकाले अनुगमन गरेको देखिएन। गाउँपालिकाले सम्झौतामा उल्लेख गरे वमोजिम सो ठेक्का हरुमा तोकिएको समयमा तोकिएको परिमाण वमोजिम संकलन भएको छ भन्ने सम्बन्धमा नियन्त्रण विधि अवलम्बन गर्नुपर्ने देखिन्छ।

३५.४ **मू.अ.कर ढिला दाखिला-**व्यवसायी संग भएको सम्झौता वमोजिम सम्झौता गर्दाको समयमा प्राप्त भएको राजश्व रकमको हुने मूल्य अभिवृद्धि कर रकम सोही समयमा दाखिला गर्नुपर्नेमा पालिकाले आर्थिक वर्षको अन्तमा मात्र दाखिला गरेको छ। व्यवसायी संग भएको सम्झौता बमोजिम प्राप्त हुने सम्झौता रकमको मू.अ.कर राजश्व प्राप्त भएको समयमा नै दाखिला गर्नुपर्दछ।

३५.५ (✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **६७,७९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **१८९,९५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **२३,३५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३६ **औषधी खरिद तथा व्यवस्थापन**

औषधि खरिदका लागि बोलपत्र मार्फत लागत अनुमान रु ४९९९७९०।३२ तयार गरेकोमा सबै भन्दा कम कवोल गर्ने चुनचुन फार्मेसीसंग रु. २३१२२१६।५१ सम्झौता गरेको पाईयो । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, निशुल्क वितरणको लोगो समेत नभएको देखिएको छ ।

स्वास्थ्य चौकीमा औषधी पुगेपछि केस रजिष्टरको आधारमा औषधी खर्च गरी औषधिको मौज्दात यकिन गर्ने व्यवस्था मिलाउनु पर्दछ । पालिकाबाट औषधी वितरणको अनुगमन समेत गर्नुपर्दछ । औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए/नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३७ **कार्यक्रम अनुगमन**

कार्य सञ्चालन निर्देशिका, २०७७ मा कार्यक्रम अनुगमन टोली आवश्यक परी खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउन सकिने र यसरी कर्मचारी खटाउँदा बढीमा ३ जना सम्म खटाउन सकिने व्यवस्था रहेको छ । पालिकाले वडागत तथा शाखागत रुपमा सञ्चालन गरेको विभिन्न कार्यक्रमहरुको खर्च परीक्षण गर्दा अधिकांश कार्यक्रमहरुमा जनप्रतिनिधि तथा कर्मचारीहरुलाई निर्देशिकामा व्यवस्था भएको भन्दा बढी संख्यामा अनुगमनकर्ता नियुक्त गरी अनुगमन भत्ता वितरण गरेको देखियो । उक्त अनुगमनकर्ताहरुले कार्यक्रम अनुगमन पश्चात कुनै प्रकारको प्रतिवेदन अथवा सुझाव उपलब्ध गराएको देखिएन । अतः पालिकाले

निर्देशिकामा भएको व्यवस्था अनुरुप कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारीहरुलाई आवश्यक्ताको आधारमा मात्र अनुगमनकर्ता नियुक्त गरी खर्च लेख्नुपर्दछ ।

भौ नं.	कार्यक्रम	अनुगमन खर्च
२६२-२०८१।०३।२२	उखुवाली प्रवर्द्धन कार्यक्रम	९८५००
२४७-२०८१।०३।२०	प्र.म.रोजगार योजनाहरुको अनुगमन	४५०००

३८ **खानेपानी पाइप खरिद** (२-२०८१-३-२२):

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-११** को निर्णयले रू **३६७,२२९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३९ **नमुना विद्यालय-**

३९.१ शिक्षा तथा मानव श्रोत विकास केन्द्र ,कार्यक्रम कार्यान्वयन निर्देशिका २०८०।८१ मा केन्द्रबाट छनौट भएका नमुना विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा पूर्वाधार व्यवस्थापन अनुदान कार्यक्रम अन्तर्गत विद्यालयको गुरुयोजना (Master Plan) बमोजिम स्वीकृत भवन निर्माण गर्दा लागत अनुमान सहित अनुदान माग गरी स्वीकृत भए बमोजिम गर्नुपर्ने,विद्यालयसंग सम्झौता पश्चात अनुदान रकमको ५० प्रतिशत निकासा दिने,Structural Part को कार्यसम्पन्न भए पश्चात दोश्रो किस्ता ३० प्रतिशत निकासा दिने र कार्यसम्पन्न भए पश्चात २० प्रतिशत निकासा दिने व्यवस्था छ। गाउँपालिकाले नमुना विद्यालयको रुपमा छनौट भएको जनवोध माध्यमिक विद्यालयको भवन निर्माण कार्य निर्देशिका बमोजिम विद्यालयलाई निकासा नदिई गाउँपालिका स्वयमले नै ठेक्का व्यवस्थापन गरी कार्य गराएको छ। विद्यालयको माथिल्लो तलामा कोठा थप र रंगरोगन कार्यको लागि रु ७४,०४,०६६.०० मा ठेक्का व्यवस्थापन गरी शिवालय निर्माण सेवा सँग कार्य गराई रु ६९,३२,२२७। भुक्तानी गरेको छ। त्यसैगरी अनुदान रकममा भएको वचत रकमको आधारमा पुनःसोही विद्यालयको क्यान्टिन निर्माण कार्यको रु २३,१४,८५१.०० मा ठेक्का व्यवस्थापन गरी निलकण्ठ कन्स्ट्रक्शन संग रु २२,७६,३५१।बरावरको कार्य गराएको छ। गाउँपालिकाले स्वीकृत कार्यक्रम तथा निर्देशिका वमोजिम विद्यालयलाई निकासा नदिई गाउँकार्यपालिकाको निर्णय वमोजिम ठेक्का व्यवस्थापन गरी कार्य गराएको छ।विद्यालयको गुरु योजनामा कक्षाकोठा सहित RCC ढलान गरी तला थप रहेकोमा विद्यालयले गुरुयोजना संशोधन गर्ने कार्यापालिकाको मिति २०८०।४।२२ को निर्णयबाट सो कार्यान्वयनमा ल्याएको छ। गुरुयोजनामा तेश्रो तला थप RCC ढलान रहेकोमा विद्यालयले Trust सहितको हल निर्माण गरेको छ। जसबाट लागतमा प्रभाव पर्ने अवस्था देखिन्छ।विद्यालयको दोश्रो तलाको प्लास्टर,रंगरोगन सहित बाँकी कार्य र तेश्रो तलाको Trust सहितको हल निर्माण गरेको भन्ने पालिकाको जवाफ रहेको छ।

३९.२ **थप कार्य-** नमुना विद्यालयको रुपमा रु १ करोड बजेट रहेकोमा विद्यालयको थप कोठाको ठेक्का व्यवस्थापनबाट बचत भएको रकमबाट रु २३,१४,८५१। मा विद्यालयको क्यान्टिन निर्माण गर्न निलकण्ठ कन्स्ट्रक्सन संग ठेक्का सम्झौता गरी रु २२,७६,३५१।- खर्च गरेको छ । बचत भएको रकम जुन स्रोतको हो सोही स्रोतमा फिर्ता गर्नुपर्नेमा विद्यालयको थप निर्माण कार्य गरेको छ ।

४० **सशर्त कार्यक्रमको रकमको बाँडफाँड-**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६६ मा गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय,राजश्व बाँडफाँडबाट प्राप्त हुने अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सो को सन्तुलित विवरणको खाका तथा बजेटको सीमा निर्धारण गर्न श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको व्यवस्था गरेको छ।सो समितिले आगामी आर्थिक वर्षको लागि श्रोतको अनुमानको आधारमा बजेटको सीमा निर्धारण गर्ने, विषयगत क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने लगायतका कार्य गर्दछ। सोही समितिले तयार गरेको बजेट कार्यपालिकाले गाउँसभामा पेश गरी पारित भए पश्चात खर्च गर्ने गर्दछ। उयर्युक्त श्रोतहरु बाहेक संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त सशर्त

कार्यक्रमको रकम जुन शिर्षकको लागि प्राप्त भएको छ सोही शिर्षकमा खर्च गर्नुपर्दछ। सशर्तको बजेट बाँडफाँड गरी खर्च गर्न मिल्दैन। गाउँपालिकाले स्वास्थ्य शाखा,प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीहरुको तलब,महंगी भत्ता,स्थानीय भत्ता,जोखिम भत्ता,फिल्ड भत्ता लगायत अन्य अनिवार्य दायित्व स्वरुप प्राप्त बजेट रु ३,३३,३८,०००। लाई कार्यपालिकाको मिति २०८०-५-१ को निर्णयले इन्धन,संचार,ढुवानी भाडा ,कार्यालय संचालन,विविध चियापान जस्ता चालु प्रकृतिका शिर्षकमा रु २६,२६,०००.०० बाँडफाँड गरी खर्च गरेको छ। त्यसै गरी आर्युवेद तर्फ आर्युवेद औषधालयमा कार्यरत कर्मचारीहरुको तलब,महंगी भत्ता,स्थानीय भत्ता लगायत अन्य अनिवार्य दायित्वको रु ४६,६२,०००।- लाई इन्धन ,संचार,मर्मत,विविध जस्ता चालु प्रकृतिका शिर्षकमा रु ५,५५,०००।- बाँडफाँड गरी खर्च गरेको छ। कानूनले बाँडफाँड गर्न नमिल्ने सशर्त कार्यक्रमको रकम बाँडफाँड गरी गरेको खर्च रु ३१,८१,०००।- अनियमित खर्च रु

- कार्यालय सामान तथा छपाई तर्फको खर्चमा विल भरपाई साथ पार्टीको नाममा खर्च लेख्नुपर्नेमा कर्मचारी तथा व्यक्तिको नाममा खर्च लेख्ने गरेको छ।

अनियमित भएको	३१,८१,०००

४१ **दोहोरो खर्च-**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **२,१७५,६७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

४२ **पेश्की रकम असूल गर्नुपर्ने-**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **८७२,१२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४३ **गैह्सरकारी संस्था मार्फत कार्य (हेफर प्रोजेक्ट नेपाल)** -

४३.१ पालिकाले गैह सरकारी संघ/संस्था तथा निजी क्षेत्र बिचको सहकार्यमा गरिवी न्यूनीकरण दीर्घकालीन परियोजना संचालन कार्यक्रम अन्तर्गत कृषि तथा पशु वस्तुहरुको उत्पादनमा वृद्धि गरी रोजगारीमूलक,उद्यमशिल र मर्यादित कृषि व्यवसाय विकास गर्न खासगरी गाई-भैंसी प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्न यस गाउँपालिकाले मिति २०८२-१२-१८ सम्ममा कार्यसम्पन्न गर्ने गरी मिति २०८०-१०-१९ मा रु ३ करोड ३३ लाखको सम्झौता गरी यो वर्ष रु ६२ लाख ३५ हजार समेत हालसम्म रु ६२ लाख ३५ हजार भुक्तानी गरेको छ। सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्:-

४३.२ कानुनी व्यवस्था- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९९ (८) मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि नियम ७० बमोजिम आशयपत्र माग गर्नुपर्ने र नियम ७० मा २० लाख भन्दा बढीको परामर्श सेवा खरिद गर्न खरिद ऐन,२०६३ को दफा ३० बमोजिम आशय पत्र संकलन गर्नुपर्ने र त्यसको लागि पर्न आएका आशय पत्रदाताबाट साधारणतया ३ देखि ६ आशयपत्र दाताको सूची तयार गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक खरिद ऐन,२०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदाता संग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रिम बैंक जमानत लिई सम्झौता रकमको २० प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ।

४३.३

पालिका र हेफर नेपाल बीच भएको सम्झौताको बुदा नं 7(७.1) अनुसार दोस्रो पक्षले सम्झौताको 30 प्रतिशत कार्य मात्र स्थानीय साझेदार संस्था मार्फत गराउन सक्ने व्यवस्था रहेकोमा हेफर नेपाल संस्थाबाट स्थानीय साझेदार संस्था नव प्रभात युवासंघ मार्फत सम्झौताको शत प्रतिशत कार्य गराई भुक्तानी लिएको पाईयो ।

४३.४ विल बिजक- हेफर नेपालसँग कार्यक्रम सम्झौता भएकोले सोही संस्थाले बिजक जारी गर्नु पर्नेमा स्थानीय गैर सरकारी संस्था प्रयोग गरी खर्चका बिल भरपाईहरु पेश गरेको अवस्थामा भुक्तानी हुने गरेकोले पालिकाबाट भुक्तानी भएको रु ६२ लाख ३५ हजार कार्यक्रममा लागत साझेदारी गर्नुपर्नेमा संस्थाको कर्मचारी तलब जस्तो प्रशासनिक कार्यमा गैरसरकारी संस्थाले ३० प्रतिशत योगदान गर्ने र ७० प्रतिशत वास्तविक कार्यक्रम खर्च पालिकाले व्यहोर्ने गरी सम्झौता गरेकोले गैह्रसरकारी संस्थाको आफ्नै कर्मचारीको तलब खर्च साझेदारी रकममा परेको र बैंक ग्यारेण्टि बिना पेश्की दिई काम गराउने कार्य गरेको अनियमित देखिन्छ।

४३.५ कार्यक्रम संचालन- संघीय सरकार तथा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (चालु) तर्फ क्रमश; दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रममा रु १०,३८,०००।- र गाई/भैँसी प्रवर्द्धन कार्यक्रम तर्फ रु १०,००,०००।- बजेट व्यवस्था रहेको छ। सो दुवै कार्यक्रम गाउँपालिकाको जनशक्तिबाट स्वीकृत कार्यक्रम बमोजिम चौमासिक रुपमा संचालन गर्नु पर्दछ।संघ तथा प्रदेशको कार्यक्रम कार्यान्वियन निर्देशिका वमोजिम तोकिएको कार्यक्रममा खर्च गर्नुपर्नेमा गैरसरकारी संस्था मार्फत कार्य गराई दुवै श्रोतको गरी १६,३४,२९३।- खर्च गरेको छ। स्वीकृत कार्यक्रम निर्देशिका वमोजिम चौमासिक रुपमा कार्यक्रम संचालन गर्नुपर्ने तथा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ वमोजिम लागत अनुमान तयार गरि सोही बमोजिम कार्यसम्पन्न गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१६,३४,२९३

४३.६ सम्झौताको बुदा नं ५ अनुसार संचालित कार्यक्रमको पालिकाबाट मासिक/त्रैमासिक/अर्धवार्षक रुपमा स्थलगत अनुगमन सहित कमिकमजोरी भएकोमा सुधार गर्न लगाउने व्यवस्था रहेकोमा पालिकाबाट यस्तो अनुगमन मूल्याङ्कन गरेको छैन।

४४ **पुरस्कार रकम बढी भुक्तानी-**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **७४५,८६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४५ **पेश्की कट्टा नगरेको-**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **३,१६५,७२८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

४६ **बीमा-**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

४७ **कोल्ड स्टोर निर्माण-**

४७.१

सार्वजनिक खरिद एन,२०६३ को दफा ५३ मा कामको प्रकृति वा क्षेत्र परिवर्तन नहुने गरि दुवै पक्षको लिखित सहमतिवाट खरिद सम्झौतामा अन्यथा भएकोमा वाहेक खरिद सम्झौतामा संशोधन गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले कोल्ड स्टोर निर्माण कार्यको लागि मिति २०७८-५-१ मा रु ४,१२,९०,९३७।(मू.अ.कर समेत) मा कार्य गर्ने गरी निर्माण व्यवसायी मैनाचुली अन्जना श्रेष्ठ जे.भी.सँग सम्झौता गरी कार्य गराएको छ। सो निर्माण कार्यमा चौथो विलसम्म रु १,९३,०४,५१९।अर्थात ४६.७५ प्रतिशत वित्तीय प्रगति भएको छ। विवाद भई निर्माण कार्यमा ढिलाई भएको र छिटो कार्यसम्पन्न गर्न निर्माण व्यवसायीलाई गाउँपालिकाले मिति २०७९-१२-२ र २०८०-१-१३ मा पत्राचार समेत गरेको छ। १९३४ वर्गमिटर Brick Soiling को कार्यको ठाउमा निर्माण व्यवसायीले Stone Soiling को कार्य गरेको छ। DPR तथा Estimate मा Brick Soiling भएकोमा निर्माण व्यवसायीले Stone Soiling गरेको, कामको परिवर्तन गर्दा खरिद सम्झौता संशोधन गरेको छैन। मिति २०८१-४-१६ सम्म म्याद रहेको सो ठेक्कामा बैंक जमानत ,पेश्की ग्यारेन्टी तथा बीमाको म्याद थप गरेर मात्र म्याद थप गर्नुपर्नेमा सो को कुनैको पनि म्याद थप नगरी मिति २०८१-१०-१६ सम्म ठेक्काको म्याद थप गरिएको छ। बीमा तथा बैंक जमानतको म्याद थप नगरी ठेक्काको म्याद थप गरेको कारण सो निर्माण व्यवसायीको बैंक जमानत जफत गरी हर्जाना लगाउनु पर्दछ।

४७.२ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **१,७२८,१३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४८ **सडक मर्मत**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **२०६,८८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४९ **म्याद ननाघेको पेश्की -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न कार्यक्रमको देहायको पाटी लाई रु. १,२१,४०,२६२। पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी पेश्की फर्स्यौट गर्नुपर्दछ ।

भौं.नं।मिति	विवरण	पेश्की लिने व्यक्ति,फर्म वा कम्पनी	पेश्की रकम
३२।२०८०।४।१	आवासीय भवन निर्माण।खरिद	मैनाचुली अन्जना श्रेष्ठ जे.भी	५५,०२,२४५।
७।२०८०।९।२५	रानिबास टाहाटिम उल्लिखोला मोटरबाटो कालोपत्रे	विवेक एण्ड कुवेर विल्डर्स प्रा.लि	३१,८२,९४९।
२०२।२०८१।३।१४	श्रीङ्गेश्वर तपोभूमि पूर्वाधार निर्माण	निलकण्ठ कन्स्ट्रक्सन	१६,५७,७०१।
६२।२०८१।३।२४	रुरुक्षेत्र बृहत खानेपानी आयोजना	मनिस-नागार्जुन जे.भी	८,७२,१२६।
३१९।२०८१।३।२४	रानिबन खेलमैदान कभर्डहल निर्माण रुरुक्षेत्र ५	आइसा आरती निर्माण सेवा	९,२५,२४१।
जम्मा			१,२१,४०,२६२।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : रुरुक्षेत्र गाउँपालिका, गुल्मी , रुरुक्षेत्र गाउँपालिका , गुल्मी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	लक्ष्मण पाण्डे	२०८०-४-२८	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	मधुकृष्ण पौड्याल	२०७८-५-२	२०८०-४-२८
लेखा प्रमुख	हेम बहादुर कार्की	२०७९-५-३०	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
४,३५१,२०३	१५,८०९,३११	२,०८७,६२५.५	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					२२,२४८,१३९.५
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					१४,७३०,८३०.५
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					७,५१७,३०९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१२६२९७१०९.०८	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३४५९६७३४५.२	चालु खर्च	३३७१६९३६५.८५
प्रदेश सरकारबाट अनुदान	२७०२७११४	पूँजीगत खर्च	१८९९६३४५९.९
राजश्व बाँडफाँट	७६४७९४१०.०४	वित्तीय/अन्य व्यवस्था	३७५०६११९.३
आन्तरिक आय	१८७६२८७४.७२		
अन्य आय	३९४५२२९८.१२		
कुल आय	५०७६८९०४२.०८	कुल खर्च	५६४६३८९४५.०५
बाँकी मौज्दात		६९३४७२०६.११	

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ।अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ।तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ।एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नभएकोले आन्तरिक लेखापरीक्षण गराई प्रतिवेदनमा उल्लेखित व्यहोराको कार्यान्वयन गर्नुपर्दछ।आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ ।